### ग) क्षेत्रीय तह

लैससास मार्गदर्शनलाई प्रयोगमा ल्याउनका लागि प्रत्येक क्षेत्रीय निर्देशनालयहरूमा एउटा लैससास इकाई गठन गरिने छ । उक्त इकाईमा समाजशास्त्री, इन्जिनियर र आवश्यकता अनुसार अन्य कर्मचारीहरू रहने छन ।

### घ) डिभिजन/सव डिभिजन तह

लैससास मार्गदर्शनलाई प्रयोगमा ल्याउनका लागि प्रत्येक डिभिजन/सव डिभिजन कार्यालयहरूमा लैससास इकाईको स्थापना गरिनेछ । यसमा डिभिजन/सव डिभिजन प्रमुख, इन्जिनियर तथा सामाजिक परिचालक रहने छन् ।

## ५ लैससास आयोजनाको कार्यक्षेत्र

क) संस्थागत संरचनाको स्थापना र यसको आवश्यक व्यवस्थापन,

ख) योजना तर्जुमा प्रक्रियामा सहजिकरण,

ग) क्षमता विकास सम्बन्धी कार्यक्रमहरूको योजना तर्जूमा तथा कार्यान्वयन,

घ) क्षेत्रगत तथा अन्य नीतिगत विषय र मन्त्रालय अन्तर्गत बनेका लैससास मार्गदर्शन अनुकुल मौजुदा फारमहरूको समीक्षा तथा तदनुसारको फारमहरूको तयारी,

ङ) चेतना, ज्ञान तथा सीप अभिबृद्धि गर्ने खालका सामग्रीहरूको निर्माण तथा वितरण,

च) अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन तयारी ।



## ६ अवसरहरू

क) महिला, विपन्न तथा वञ्चित समुहहरूको स्रोत, साधन, अवसर तथा लाभ प्राप्तीको पहुँचमा अभिवृद्धि हुने छ ।

ख) महिला, विपन्न तथा वञ्चित समूहहरूको पूर्वाधार विकास सम्बन्धी कार्यहरूमा अर्थपूर्ण सहभागिता भई उनीहरूको शसक्तिकरण, आर्थिक विकास तथा सामाजिक रूपान्तरण प्रक्रियामा क्रमिक रूपमा सुधार हुँदै जानेछ ।




नेपाल सरकार
सहरी विकास मन्त्रालय
योजना, अनुगमन तथा वैदेशिक सहयोग महाशाखा
सामाजिक समन्वय शाखा


# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण आयोजना


एशियाली विकास बैंक ऋण नं. २८५१, अनुदान नं. ०२८४ (नेपाल)
(एकीकृत सहरी विकास आयोजना ऋण नं.: ४२१६१-०१३)





**सम्पर्क**
फोन नं :०१-४२११८१६, ४२११९९५, ४२००४५१
ईमेल : gesi.moud@gmail.com
gesiconsultant@gmail.com
वेवसाईट : www.moud.gov.np

## १ पृष्ठभूमि

नेपाल सरकारले एकीकृत सहरी विकास आयोजना अन्तर्गत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) आयोजना सञ्चालन गर्नको लागि एशियाली विकास बैंकको विशेष कोष मार्फत ऋण तथा अनुदान सहयोग प्राप्त गरेको छ । उक्त सहयोगलाई नेपाल सरकारले सहरी विकास मन्त्रालय तथा मातहतका निकायहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्ने कार्यमा सदुपयोग गर्ने लक्ष्य लिएको छ ।



## २ आयोजनाको संक्षिप्त परिचय

सहरी विकास मन्त्रालय अन्तर्गत सञ्चालित यो आयोजनाले मन्त्रालय र मातहतका विभाग, क्षेत्रीय निर्देशनालय, डिभिजन तथा सव-डिभिजन कार्यालयहरूमा लैससास मूलप्रवाहीकरणलाई संस्थागत गर्ने र क्षमता विकासका क्रियाकलापहरूको कार्यान्वयन तथा व्यवस्थापन कार्यमा सहयोग गर्ने छ ।

## ३ उद्देश्य

यस आयोजनाको उद्देश्यहरू देहाय वमोजिम रहेका छन् ।

(क) सहरी विकास मन्त्रालय र मातहतका निकायहरूमा लैससास मुलप्रवाहीकरणलाई संस्थागत गर्ने ।

(ख) लैससास मार्गदर्शन अनुरूप मन्त्रालय मातहतका निकायहरूको क्षमता अभिवृद्धि गर्ने ।

## ४ लैससास मुलप्रवाहीकरणको लागि संस्थागत व्यवस्था

### क) मन्त्रालय तह

मन्त्रालय मातहत योजना, अनुगमन तथा वैदेशिक सहयोग महाशाखा अन्तर्गत सामाजिक समन्वय शाखा रहेको छ। यस शाखामा शाखा प्रमुखको रूपमा वरिष्ठ समाजशास्त्रीको व्यवस्था छ । शाखा प्रमुखलाई आवश्यक सहयोग पुऱ्याउन इन्जिनियर, शाखा अधिकृत तथा सहायक स्तरको कर्मचारीको व्यवस्था गरिएको छ ।

यस शाखालाई आवश्यक सहयोग गर्नका लागि एउटा छुट्टै लैससास परामर्श टोलीको व्यवस्था गरिएको छ । यसका साथै लैससास क्रियाकलापहरू कार्यान्वयनका लागि एउटा निर्देशक समिति समेत गठन गरिएको छ जसले लैससास आयोजना कार्यान्वयनमा सामाजिक समन्वय शाखालाई आवश्यक राय सुझाव तथा निर्देशन प्रदान गर्दछ ।

लैससास सम्बन्धी नीति तथा कार्यक्रम सञ्चालन प्रक्रियामा यस शाखाले प्राविधिक सहयोग प्रदान गर्नुका साथै लैससास मुलप्रवाहीकरणको लागि सहजीकरण तथा समन्वयकारीको भूमिका निर्वाह गर्दछ । यी बाहेक, उक्त शाखाले विभाग, क्षेत्रीय निर्देशनालय, डिभिजन र सव-डिभिजन कार्यालयमा लैससास मूलप्रवाहीकरण सम्बन्धी योजना तर्जुमा, अनुगमन तथा सुपरिवेक्षण गर्ने कार्यमा समेत सहयोग प्रदान गर्ने छ ।

मन्त्रालयद्वारा सञ्चालन हुने केन्द्रीय स्तरका आयोजनाहरू एवम् मन्त्रालयबाट सोझै नियमन हुने अन्य सबै कार्यालयहरूमा लैससास क्रियाकलाप सञ्चालन तथा मूलप्रवाहीकरण गर्नका लागि एउटा-एउटा लैससास इकाईको स्थापना गरी प्रत्येकमा एक जना समाजशास्त्रीको व्यवस्था गरिनेछ ।



### ख) विभागीय तह

मन्त्रालय मातहतका दुबै विभाग (खानेपानी तथा ढल निकास विभाग र सहरी विकास तथा भवन निर्माण विभाग)हरूमा लैससास सम्बन्धी क्रियाकलाप सञ्चालन गर्न छुट्टा-छुट्टै शाखा रहने व्यवस्था गरिएको छ । उक्त शाखामा वरिष्ठ समाजशास्त्री, इन्जिनियर र आवश्यकता अनुसार अन्य कर्मचारीहरू रहने छन् । उक्त शाखाको मुख्य काम लैससास सम्बन्धी मार्गदर्शनलाई विभाग अन्तर्गतका प्रत्येक कार्यक्रम तथा आयोजनामा प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने/गराउने हुनेछ ।